# फौजदारी अदालतको अनुमोदनमा नेपालको उदाशीनतता

काठमाडौं/रास- राज्य र गैह्र राज्यपक्षबाट हुने गैह्र न्यायिक हत्या, अपहरण तथा बेपत्ता जस्ता अपराध नियन्त्रण गर्न एक वर्षअघि गठन भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई नेपालले अझै अनुमोदन गरेको छैन ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्य राष्ट्र नबन्दा नेपालमा दण्डहीनताको संस्कार तीव्र हुँदै गएकोमा मानव अधिकारवादीहरुले चिन्ता व्यक्त गरेका छन् । यसप्रति सरकारको उदाशीनता तोड्न दबाबका लागि मुलुकभर अभियान सञ्चालन गर्नुपर्नेमा उनीहरुले मतैक्यता जाहेर गरेका छन् ।

मानवताविरुद्ध अपराध, युद्ध अपराध, वाह्य आक्रमण तथा अन्तर्राष्ट्रिय न्यायालयसम्बन्धी कारबाही गर्ने उद्देश्यले अल्प विकशित राष्ट्रको पहलमा एक वर्षअघि नेदरल्यान्डको हेगमा सो अदालत गठन भएको थियो । अमेरिका, चीन, इजरायल, जापान, भारतलगायत शक्ति सम्पन्न मुलुकले पनि सो अदालतको सदस्यता लिन इन्कार गरिरहेका छन् । सो अदालतलाई हालसम्म विश्वका ९० राष्ट्रले अनुमोदन गरेका छन् । इन्सेकका अध्यक्ष सुबोध प्याकुरेल, अधिवक्ता शेरबहादुर केसी, भीमार्जुन आचार्य, चन्द्रकान्त ज्ञवाली, प्रा डा आनन्दमोहन भट्टराईलगायतका वक्ताले नेपाल सदस्य नबनेकोमा रोस प्रकट गर्नुभएको थियो ।

राजधानी — २०६०।०३।१२